हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र


खण्डः ३ | सङ्ख्याः २ | मितिः २०७६।०३।३०


## भाग-३

# हेटौंडा उपमहानगरपालिकाको व्यवसायिक पंक्षी फार्म सञ्चालन मापदण्ड, २०७६

**पृष्ठभूमीः**

व्यवसायिक पंक्षी फार्मबाट स्वस्थ र गुणस्तरीय पंक्षी तथा पंक्षीजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वढाई स्वस्थ उत्पादनको उपलब्धता सुनिश्चित गरी खाद्य सुरक्षण तथा पोषण सुरक्षा गर्न, फार्मलाई संक्रामक रोगबाट मुक्त राख्दै व्यवसायको प्रवर्द्धन तथा जनस्वास्थ्य र बातावरण स्वास्थ्यको संरक्षण गर्न पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तथा सोको नियमावली, २०५६, को मर्म तथा भावना अनुरुप नियमावलीको नियम २२(क) बमोजिम हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६।०३।०२ को बैठकले यो मापदण्ड तयार गरी लागु गरेको छ ।

हेटौंडा राजपत्र

**<u>व्यवसायिक पंक्षी फार्म सञ्चालनका लागि आधारभूत मापदण्डहरु</u>**

(क) फार्म राष्ट्रिय राजमार्गबाट कम्तिमा ३०० मिटर टाढा हुनु पर्नेछ ।

(ख) राष्ट्रिय राजमार्ग भन्दा बाहेकको जिल्ला सदरमुकाम जोड्ने सडकको हकमा १५० मिटर टाढा हुनु पर्नेछ । सो वाहेकको अन्य सडकको हकमा १०० मिटर टाढा हुनु पर्नेछ ।

(ग) कुखुराको खोर फार्मको मुल ढोका बाट कम्तिमा १० मिटर टाढा हुनु पर्नेछ ।

(घ) फार्म भित्रका खोरहरु बिचको ओपन हाउसको दुरी कम्तिमा १० मिटर र क्लोज हाउसमा ५ मिटर टाढा हुनु पर्नेछ ।

(ङ) खोर देखि अन्य व्यवस्थापन (कार्यालय कोठा, दाना तथा अण्डा भण्डारण कक्ष आदी) इकाईको दुरी कम्तिमा १० मिटर टाढा हुनु पर्नेछ । तर फिडको हकमा साइलो तथा होफर र अटोमेटिक अण्डा संकलनमा यो बुँदा लागु हुने छैन ।

(च) कुखुरा फार्मबाट मानिस बस्ने घर २०० मिटर टाढा हुनु पर्नेछ । प्यारेन्ट फार्मबाट अन्य फार्मको दुरी १ कि.मि. हुनु पर्नेछ ।

(छ) २० हजार भन्दा वढी संख्यामा पंक्षी पालन गरिने स्थानको हकमा फार्महरू बीच १०० मिटर दुरी हुनु पर्नेछ । अन्य फार्मको हकमा १० मिटर फरक हुनु पर्नेछ । जग्गाको साँधबाट कम्तिमा ५ मिटर छोडेर मात्र खोर निर्माण गर्नु पर्नेछ ।

(ज) मानिस बस्ने घरमा कुखुरा पालन व्यवसाय गर्न पाईने छैन ।

(झ) फार्म भित्र अन्य जनावर, पंक्षी छिर्न नमिल्ने गरी पर्खाल वा मसिनो जालीले घेरीएको हुनु पर्नेछ र मुख्य ढोकामा अनुमती विना प्रवेश भनी लेखिएको हुनु पर्नेछ ।

(ञ) फार्मको नाम ठेगाना उल्लेख भएको फार्मको वोर्ड राखिएको हुनु पर्नेछ ।

(ट) फार्म परिसरको मूल प्रवेश द्वार एउटा मात्रै हुनु पर्नेछ र बाहिर निस्कन संम्भव भएमा अर्को ढोका पछाडी राख्ने व्यवस्था गर्नु पर्नेछ । मूल द्वारमा फूट वाथ (Foot bath) तथा ह्वील वाथ (Wheel bath) को व्यवस्था हुनु पर्नेछ । सम्भव भएमा फार्म प्रवेश द्वारमा फोगिंग व्यवस्था हुनु पर्नेछ । छुट्टा-छुट्टै प्रवेशद्वार तथा निकासद्वारको व्यवस्था नभएको अवस्थामा अनिवार्य रूपमा नुहाउने तथा नि:संक्रमणको व्यवस्था गर्नुपर्नेछ ।

(ठ) फार्म भित्र रहेका हरेक खोरको ढोकामा फूट वाथ वा स्पेश स्प्रेको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(ड) फार्म परिसर भित्र मुसा र किरा नियन्त्रण सम्बन्धि व्यवस्था गरिएको हुनु पर्नेछ । पंक्षीको दाना र अण्डा राख्ने कोठामा जंगली जनावर, चरा तथा अन्य जनावर पस्न नसक्ने हुनु पर्नेछ ।

(ढ) खोरको वरीपरी व्यवस्थित ढलको व्यवस्था गरिएको हुनुपर्नेछ । फार्म परिसरमा पोखरी वा पानी जम्ने ठाउं नभएको हुर्नेछ पर्नेछ ।

(ण) प्रयोग गरेका सोत्तर, पानी तथा खोरबाट निस्कने फोहर व्यवस्थित रुपमा उपचार गरेर मात्र बाहिर पठाउनु पर्नेछ, सोत्तर तथा मलबाट हुने प्रदुषणको व्यवस्थापन फार्म सञ्चालकले उचित तरिकाले गर्नु पर्नेछ ।

(त) फार्म भित्र आगन्तुक र कर्मचारीहरुलाई कपडा, जुत्ता वदल्ने कोठा निःसंक्रमण गर्ने व्यवस्था गरिएको हुनु पर्नेछ ।

(थ) फार्म भित्र काम गर्ने कामदारहरुको लागि नजिकै हात धुने ठाउं तथा सफा चर्पीको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(द) फार्म परिसर भित्र खोरको नजिकमा झाडी नभएको हुनु पर्नेछ ।

(ध) चल्ला रोग मुक्त फार्मवाट मात्र ल्याउनु पर्नेछ र चल्लाको स्वस्थ्य प्रमाण पत्र साथमा हुनु पर्नेछ ।

(न) बिरामी पंक्षीलाई वथानबाट छुट्टै राख्ने तथा मरेका पंक्षी, बिक्री अयोग्य चल्ला, लेयर्सको भालेहरूलाई वातावरण तथा मानिसको स्वास्थ्यमा असर नपर्ने र रोग नफैलिने किसिमले खोरबाट तुरुन्त हटाई शवदाह गृह जैविक खाडल (Biological Pit) मा राखी व्यवस्थित रुपमा तह लगाउनु पर्नेछ ।

(प) शवदाह गृह वा जैविक खाडल ( Biological Pit) पंक्षीको खोरबाट कम्तीमा १० मिटर टाढा हुनु पर्नेछ ।

(फ) एउटा खोर भित्र एउटा उमेरको पंक्षीको समूहलाई अर्को उमेर समूह मिसाएर राख्न पाईने छैन ।

(ब) एक लट कुखुरा हटाएपछि, कुखुराको सोत्तर/सुली पूर्णरुपले हटाई सफा तथा निःसंक्रमण गरेको दिनदेखि लेयर्सको हकमा कम्तिमा ३ हप्ता तथा ब्रोइलरको हकमा कम्तिमा १० दिन पछि मात्र खोरमा अर्को लटको कुखुरा राख्नु पर्नेछ ।

(भ) फार्ममा रहेका कामदारको नियमित स्वास्थ्य परीक्षणको ब्यबस्था गरेको हुनु पर्नेछ ।

(म) सम्बन्धित फार्म धनिले रोगको सूचना दिनु पर्नेछ ।

(य) ढुवानी तथा सवारी साधनको फार्मबाट बाहिर निस्कदा तथा भित्र पस्दा अनिवार्य रुपमा निःसंक्रमण गर्नु पर्ने छ । निःसंक्रमण गर्न पूर्व राम्रोसँग सरसफाइ गर्न अनिवार्य हुनेछ ।

(र) चल्ला, दना, अण्डा जस्ता सामग्री एकैसाथ तथा एउटै ढुवानीको साधनमा ढुवानी गर्न पाइने छैन ।

(ल) पंक्षी तथा पंक्षीजन्य पदार्थ बजार सम्म ढुवानी गरे पश्चात सो ढुवानीको साधन अनिवार्य रूपमा सरसफाई तथा निःसंक्रमण गर्नुपर्नेछ र सो को लगत (रेकर्ड) राख्नु पर्नेछ ।

(व) फार्मले प्रयोग गर्ने गरेको दानाको उत्पादक, उत्पादन मिति तथा पौष्टिक तत्वको विस्तृत विवरण देखिने गरी अनिवार्य रूपमा अभिलेख राखेको हुनु पर्नेछ ।

(श) अण्डा राख्ने कागजको ट्रे, वक्सा पुनः प्रयोग गर्न पाइने छैन र सो सम्बन्धमा खरिद गरिएको मिति र स्थान खुल्ने विवरण सहित रेकर्ड राख्न पर्नेछ ।

(ष) प्रयोग भएको अण्डा राख्ने कागजको ट्रे, वक्सा प्रयोग पश्चात डिस्पोज गर्नुपर्नेछ ।

(स) फार्मबाट निस्कने अण्डाको बोक्रा, मरेका चल्ला, बिक्री अयोग्य चल्ला, खान अयोग्य अण्डा फार्म परिसरमा नष्ट गर्ने स्थानको व्यवस्था गर्नु पर्नेछ ।

(ह) जनस्वास्थ्यमा असर नगर्ने गरी कुखुरापालन गर्न पर्नेछ ।

(त्र) अचानक धेरै संख्यामा पंक्षी मरेमा पशुसेवा शाखामा जानकारी गराउनु पर्नेछ ।

**नोट :**

पंक्षी फार्म सञ्चालन सम्बन्धि अन्य कुराहरु व्यवसायिक पंक्षी फार्म तथा ह्याचरी सञ्चालन निर्देशिका, २०७१ अनुसार हुनेछ ।

**निरीक्षण चेकलिष्ट**

व्यवसायिक पंक्षीफार्मको नाम :

ठेगाना : मिति :

व्यवस्थापकको नाम तथा ठेगाना :

मोवाइल नं :

पंक्षीको विस्तृत विवरण ..............

स्रोत ..................उद्धेश्य

जात .............. .............................

**फार्मको भौतिक अवस्था र व्यवस्थापन**

१. फार्म भवनको मुल सडक/सहायक सडकबाट बाट दुरी.........................मि/किमि

२. फार्म वारवन्देज भए/नभएको, भएमा केले वनेको तथा कति उच रहेको.........................

३. फार्म मा मेनटगेराखेको/नराखेको

४. फार्ममा प्रवेश गर्ने तथा वाहिर निस्कने छुट्टाछुट्टै गेट भए/नभएको

५. मेन गेटमा साइनवोर्ड तथा अनुमती विना प्रबेश निषेध भन्ने सूचना राखेको/नराखेको

गेटमा नियन्त्रित प्रवेशको व्यवस्था भए/

६. मेन गेटमा २४ घण्टा पाले पहरा राखेको/नराखेको

नेपाल राजपत्र

नभएको:

७. मेन गेटमा फुट वाथ, ह्विल वाथ, भेइकिल वाथ राखेको/नराखेको, राखेको भएमा प्रयोग गर्ने गरिएको/नगरिएको स्पेश स्प्रेको व्यवस्था भए नभएको ।

८. फार्ममा गेट देखी नजिकको खोरको दुरी..................मि

९. फार्म परिसरमा कार्यालय भए/नभएको

१०. फार्मको क्षेत्रफल

फार्म ले ओगटेको.........................खुल्ला क्षेत्र.............................(स्थान र क्षेत्रफल खुल्ने गरी)

फार्ममा रहेको कुल खोर संख्या ...................

फार्ममा रहेका खोरको क्षेत्रफल(प्रत्येकको छुट्टाछुट्टै) ..................,

| | |
|---|---|
| | फार्ममा रहेको पंक्षी |
| फार्मको क्षमता.............. | संख्या............................... |

उत्पादन प्रतिशत क. प्रति व्याच...............ख. प्रति हप्ता ...........

११. फार्मको पूरा क्षेत्रफल मध्ये प्रयोग्क्षेत्रभएको.............. नभएको क्षेत्र ................

१२. खोरको वनावटः कच्चि/पक्कि/.........

१३. खोरको याल,झ ढोकामा उपयुक्त जालीको व्यवस्था भए/नभएको

१४. फार्ममा पानीको व्यवस्था भएको/नभएको, भएमा कसरी व्यवस्था मिलाइएको............

१५. विजुली बत्ति नभएको अवस्थामा बैकल्पीक बिजुलीको व्यवस्था भएको/नभएको

**फार्मको जैविक सुरक्षा अवस्था**

१६. आगन्तुक पुस्तिकाको व्यवस्था भए/नभएको, भएमा प्रयोग गरिएको/नगरिएको

१७. आगन्तुक तथा कामदारहरुका लागि लुगा, जुत्ता फेर्ने स्थानको व्यवस्था भए/नभएको , भ लुगा, जुत्ता भए/नभएको, उपलब्ध भएमा प्रयोगमाल्याइएको/नल्याइएको

१८. फार्ममा गाडी पार्कको व्यवस्था भए/नभएको, भएमा खोरबाट कति दुरीमा रहेको...........मि

१९. फार्ममा एक खोर देखि अर्को खोरको दुरी......................मि

२०. प्रत्येक खोर गेटमा फुट वाथ भएको/नभएको

२१. फार्म भित्र पोखरी/पानी जम्ने ठाउँ/ ढलको व्यवस्था भएको/नभएको

२२. खोर वा फार्म  वा सेटरको लागी-छुट्टै कामदारको व्यवस्था भएको/नभएको?

२३. अण्डा संकलन पछि ँगफष्नबतष्यल वा अन्य प्रविधिबाट निसंक्रमण गर्ने गरिएको/नगरिएको, ग भएमा तालिका.........

२४. खोर वा फार्म  वरिपरी ठुला रुखहरु भएको/नभएको, भएमा कति दुरीमा रहेको....

२५. फार्म भित्र अन्य घरपालुवा पंक्षी/जनावरहरु रहेको/नरहेको, भएमा नियन्त्रणक अपनाइएको/नअपनाइएको.

२६. खोर वा फार्म  भवन र अन्य पोल्ट्री सेवाहरुको(भण्डारण, अफिस, कर्मचारी आवास) दुर कति छ ....

क. खोर फार्म देखी अन्य पोल्ट्री व्यवसाय(दाना, फ्रेस हासउ आदी) सेवाहरुको

................................

ख. खोर देखी आवास क्षेत्र वा अन्य पोल्ट्री फार्मको दुरी.......................

३०. खोर वा फार्म भवनवाट वाह्य भवनहरु कति मिटर टाढा छ ?

क. उत्तर................. ख. दक्षिण................ .ग. पूर्व........... घ.पश्चिम............

३१. खोर वा फार्म  वरिपरी रजिष्टरर्ड प्यारेन्ट फार्म, पोल्ट्री सेड आदि छ/छैन ? छ मिटर टाढा छ ........

३२. दाना तथा भाँडाकुडाको स्टोर अवस्था ? क. कच्चा / पक्कि

ख. मुसा लगाएत अन्य जिवजन्तुको प्रयोग-आवतजावत) भएको/नभएको

३३. फार्मको किसिम : क. सोत्तर र केज र कोलोनी केज र ब्याट्री प्रणाली

.....................................

३४. खोर वा फार्म वरिपरी कुखुरा चर्ने ठाउँ भएको/नभएको, यदि छ भने त्य चराहरुको पहुँच भएको/नभएको

३५.उमेर अनुसार चल्ला वा कुखुरालाई अलग्ग राखिएको / नराखिएको ?

३६. फार्ममा कर्मचारी आवास भएको /नभएको । भएमा खोरबाट आवासदुरी....... मि

द्घ

३७. शुली तथा सोत्तर व्यवस्थापन विधि..........

३८. मरेका कुखुरा व्यवस्थापन गर्न खाडल ९म्ष्कउयकर्बा एष्त० भएको/नभएको, भएमा खोर बाट दुरी ........ मि

३९. चल्ला ढुवानी साधन र सरसफाई अवस्था............. प्राविधिक दृष्टिकोणमा ठिक भएको/नभएका

४०.निसंक्रमण भएको/नभएको, भएमा कति दिनमा कुन औषधिको प्रयोग गरि गर्ने गरिएको .

४१. अण्डाको ट्रे पुरानो प्रयोग भएको /नभएको, भएमा सो को श्रोत ......

४२. दानाको श्रोत तथा ल्याइने सवारी साधन .................

४३. दानाको वोरा पुरानो प्रयोग भएको/नभएको

४४. फार्मको नियमित अनुगमन भएको नभएको

४५. दाना चल्ला अण्डाको ढुवानी एकै सवारी साधनबाट भएको वा फरकबाट भएको, भएका सरसफाइको व्यवस्था .............

**स्वास्थ्य अभिलेखः**

४६. रेकर्ड अभिलेख भए/ नभएको

४७. मरेकोसंख्या:

४८. विरामी संख्या:

४९. खोप तालिकाको रिकर्ड भए/ नभएको, भएमा कुन कुन खोप प्रयोग गर्ने गरिएको ५०. औषधी तथा उपचारको रेर्कड/भएनभएको

५१. औषधी, उपचार भएमा कुन कुन रोगको लागि प्रयोग गरिएको....................... ५२. औषधीको असर निश्कासन अवधि ९ध्ष्तजमचबधर्बा उभचष्यम० पालना भए / नभएकाृ ....

५३. दानाको बोरामा दाना पदार्थको पौष्टिक सूची सहितको लेवल भएको/नभएको

फार्म तर्फको प्रतिबद्धता तथा सुझाव :

भेटेरिनरी निरिक्षक / अनुगमनकर्ताको सूझाव :

फार्म व्यवस्थापकको नाम र सहि :

भेटेरिनरी निरिक्षक को नाम र सहि :

अनुगमन टोली को नाम र सहि :

१.
२.
३.
मिति :
(यो फर्म दुई प्रति भरि निरिक्षक तथा फार्म व्यवस्थापकले एक एक प्रति बुझिलिन पर्नेछ ) ह
फार्मको प्रकृति अनुसार लागु नहुने स्थानमा × चिन्ह लगाउने

हेटौंडा राजपत्र

**सिफारिशपत्रको लागि दिने निवेदनको ढाँचा ।**

मितिः ........................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
हेटौंडा उपमहानगरपालिका नगर कार्यपापलिकाको कार्यालय ।

**<u>विषयः सिफारिशपत्र पाउँ</u> ।**

मैले/हामीले यस उपमहानगरपालिकाको पंक्षी फार्म सञ्चालन मापदण्ड अनुसार व्यवसायिक पंक्षी फार्म स्थापना गर्न लागेको हुँदा उक्त फार्म स्थापनाको लागि शिफारिस पत्रको लागि अनुरोध गर्दछु ।
स्थापना गर्न लागेको फार्म
१. व्यवसायीक रुपमा २ सय देखि २० हजार पंक्षी पाल्ने फार्म ।
**निवेदकको :**
**नामः**
**सहिक्षापः**
**ठेगानाः**

सिफारिशपत्रको लागी निवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु निम्नानुसार हुनेछ ।
(क) फार्म वा व्यक्तिको नाम र ठेगाना सहितको प्रस्ताब तथा उत्पादन प्रकृया ।
(ख) फार्म भित्रका उत्तरदायी व्यक्तिहरुको नागरिकता

प्रमाणपत्र ।

(ग) फार्म रहेको स्थान र फार्मको नक्सा (भवन तथा खोरको बनावट) ।

(घ) फार्मको प्राविधिक सहितको जनशक्ती बिवरण ।

(ङ) अनुसुची २ बमोजिम दुरी प्रमाणीत हुने कागजात ।

(च) फार्म स्थापना तथा संचालन गर्दा मानव स्वास्थ्य, पशु स्वास्थ्य र वातावरणमा नकारात्मक असर पर्न नदिन गरिएका प्रयासहरुको विवरण ।

(छ) वातावरणीय हिसाबले उक्त फार्म सञ्चालन गर्न उचित छ भने उपमहानगरपालिकाको वातावरण शाखाको सिफारिस

(ज) वडाको सिफारिस

(झ) सर्जमिन मुचुल्का

(ञ) सम्बन्धित प्राविधिकले भरेको निरिक्षण चेकलिष्ट साथै पेश गर्नुपर्नेछ ।

**प्रमाणीकरण गर्ने**
**नाम थर : भगवान अर्याल**
**पद : प्रमुख प्रशासकीय अधिकृत**
**पृष्ठ संख्या : ८**
**मिति : २०७६।०३।३०**

हेटौंडा राजपत्र